**प्रस्तावहरु**

१) वडा स्तरिय योजना छनौट सम्वन्धमा ।

२) योजना तर्जुमा र गाउँ सभा बैठक सम्वन्धमा ।

## निर्णयहरु

(१)प्रस्ताव नम्वर १ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व.०७४/०७५ को वडा स्तरिय योजना छनौट गर्न रु.६० देखि ७० लाख वजेट सिलिङ्ग परिधिमा रहि मिति ०७४।०४।२४गते भित्र वडा स्तरिय भेला गरि वडा समितिवाट पारित गराई योजना छनौट गरि ल्याउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

(२)प्रस्ताव नम्वर २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व.०७४/०७५ को विषयगत समितिको बैठक मिति ०७४।०४।२५ र २६ गते वजेट तथा कार्यक्रम तर्जुमा बैठक मिति ०७४।०४।२७ र २८ गते र प्रथम गाउँ सभा मिति ०७४।०४।३१ गते गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

Scanned by CamScanner

**प्रस्तावहरु**

१) गाउँ सभा बैठक सम्वन्धमा ।

२) योजना तर्जुमा कार्यक्रम सम्वन्धमा ।

## निर्णयहरु

(१)प्रस्ताव नम्वर १ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व.०७४/०७५ को प्रथम गाउँ सभा बैठक मिति २०७४।०४।१९ गते वसेको कार्यपालिकाको बैठकले मिति २०७४।०४।३१ गते गर्ने भन्ने निर्णय भएकोमा श्रावण २८ र २९ गते आएको भिषण वाढीका कारण काममा वाधा अवरोध हुन गएकोले उक्त प्रथम गाउँसभा मिति२०७४।०५।२७ गते गर्ने भन्ने आजको यस गाउँ कार्यपालिकाको बैठकवाट निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

(२)प्रस्ताव नम्वर २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व.०७४/०७५ को वजेट तर्जुमा कार्यक्रमहरु तपसिलको समय तालिका अनुसार संचालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

तपसिल :

| क्र. सं. | क्रियाकलापको विवरण | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | राजश्व परामर्श समितिको बैठक | ०७४।०५।२० | ११.०० वजे | स्वास्थ्य चौकी सभाहल |
| २. | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण (साविक गाविसको आय व्यय सहित) बैठक | ०७४।०५।२० | २.०० वजे | स्वास्थ्य चौकी सभाहल |
| ३. | गैह्र सरकारी संस्थाहरु सँगको समन्वय बैठक | ०७४।०५।२१ | ११.०० वजे | स्वास्थ्य चौकी सभाहल |
| ४. | गाउँ कार्यपालिकाको बैठक विषयगत नीती तथा कार्यक्रम प्रस्तुतीकरण र छलफल | ०७४।०५।२१ | २.०० वजे | स्वास्थ्य चौकी सभाहल |
| ५. | वजेट तथा कार्यक्रम तर्जुमा बैठक कार्यपालिका सदस्य समेत | ०७४।०५।२२,२३ र २४ | ११.०० वजे | स्वास्थ्य चौकी सभाहल |
| ६. | कार्य पालिकाको बैठक | ०७४।०५।२४ | २.०० वजे | स्वास्थ्य चौकी सभाहल |
| ७. | वजेट तथा कार्यक्रमहरु छपाई तथा अन्य तयारी | ०७४।०५।२५,२६ | १०.०० वजे | जानकी गाउँपालिका कार्यालय |
| ८. | गाउँ सभा | ०७४।०५।२७ | १०.०० वजे | जानकी गाउँपालिका कार्यालय |

Scanned by CamScanner

प्रस्ताव - नं १ निति तथा कार्यक्रम माथि छलफल ।

निर्णय नं. १.

प्रस्ताव नं १ माथि छलफल गर्दा ६ वटा विषयगत समिति बाट पेश भएका निति तथा कार्यक्रम सम्बन्धि प्रतिवेदन माथि विस्तृत रुपमा छलफल तथा संसोधन गरि गाउपालिकाको बजेट निति तथा कार्यक्रमका अन्तीमरुप तयार गरि देहाय बमोजिमका नितिहरु गाउसभाबाट पारित गर्नको लागी गाउ कार्यपालिका बैठक बाट सर्वसम्मत निर्णय पारित गरियो

**१. दीर्घकालिन सोच :**
जानकी गाउँपालिकाको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर समृद्ध गाउँपालिका बनाउने दिर्घकालिन सोच राखिएको छ ।

**२. बजेट तर्जुमा गर्दा अबलम्बन गरिएका आधारहरु**
बार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्नानुसार छन् ।

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नितीहरु
- स्थानीय तह सम्बन्धि जारी भएका आदेश, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानुनी व्यवस्थाहरु
- राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेत तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त राय सुझावहरु
- नेपाल सरकारबाट प्राप्त सिलिङ्ग र बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु
- साविक पथरैया, दुगौली, मुनुवा र जानकीनगर गा वि स को २०७३ साल पौषमा सम्पन्न गाउँ परिषदबाट आ व २०७४/०७५ का लागि पारित निति तथा कार्यक्रम
- वडा बस्ती स्तरीय योजना संकलन तथा सुझावहरु
- बिषयगत कार्यालय, निकायबाट प्राप्त राय सुझावहरु
- विभिन्न राजनितिक दल लगायत बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरुसँग परामर्शबाट प्राप्त राय सुझावहरु ।

**३. क्षेत्रगत निति एंव प्राथमिकताहरु**
गाउँपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि गाउँपालिकाबाट निम्नानुसार प्राथमिकताका आधारमा बिषयगत निति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

**क) भौतिक पूर्वाधार सम्बन्धी नीति :**

- गाउँपालिकाबाट उपलब्ध गराईने सेवा सुविधालाई व्यवस्थित एवं समयानुकुल सञ्चालन तथा जनताको घरदैलोमा सेवा पुर्‍याउनको लागि गाउँपालिकाको आफ्नै भवन र प्रत्येक वडामा वडा कार्यालयका लागि स्थायी भवन निर्माण गर्न यसै आ व देखी रकम विनियोजन गरी भवन निर्माणको कार्य सुरु गरिनेछ ।
- सबै प्रकारका सडकहरुको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरुको क्षेत्र निर्धारण हुनेगरी सडक यातायात गुरुयोजना (MTMP) निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिकाका मुख्य बजार तथा बस्तीहरुलाई समेट्ने गरी यातायात गुरु योजनाको निर्माण गरि ग्रामिण सडकहरु,पुल एव पुलेसाको निर्माण कार्यलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिने छ ।
- गाउँपालिकाका मुख्य सडक र बस्तीहरुमा सौर्यवत्तीको व्यवस्था गर्न पहल गरिनेछ ।
- नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एव राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्वन्धि मापदण्ड २०७२ लाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र शहरी विकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाईनेछ ।
- गाउँपालिकालाई योजनावद्ध ढगले विकास गर्न भु-उपयोग नीति निर्माण गरी कृषी उत्पादन क्षेत्र,औद्योगिक क्षेत्र,आवाश क्षेत्र, हरियाली क्षेत्र,खुला क्षेत्र,धार्मिक क्षेत्र,वजार क्षेत्र,औद्योगिक क्षेत्र समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विशेष क्षेत्र निर्धारण गर्ने र हरित शहर (Green City) को अवधारणालाई शुरु गराउन पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त क्षेत्रको पहिचान गरी विभिन्न कार्यहरु गर्न मिल्ने कम्तीमा ५०० सिट क्षमताको अत्याधुनिक सुविधा सम्पन्न वहुउद्देश्यिय भवन City Hall निर्माण गर्न पहल गरिनेछ ।
- गाउँपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधार निमाणहरुलाई अपाङ्गमैत्री तथा वालमैत्री वनाईनेछ ।
- गाउँपालिकाको सिमाकनमा जोड दिईने छ ।
- गाउँपालिका भित्र नक्सापाश नगरी वनाएका घरहरुको २०७४ साल असोज १ गतेदेखी नक्सापासको प्रकिया अगाडि बढाइ अभिलेखिकरण गरी नियमित गरिने छ ।
- **"आफ्नो गाउँ सुन्दर र समृद्ध बनाउ"** भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइनेछ ।
- बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा बायो ग्यासको विकास गरिनेछ ।
- पुरानो बजारहरुलाई क्रमश: सुधार गरि सडक चौडा गर्ने ढल तथा नालाको व्यवस्था गरिनेछ ।

Scanned by CamScanner

- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनाबद्ध विकास गरिनेछ। Land pooling को माध्यमबाट व्यवस्थित बजार र बस्तीको विकास गरिनेछ।
- सानातिना भैपरीआउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूंजीगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा १० प्रतिशत र गाउँ स्तरीय योजनाका लागि ५देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिनेछ।
- वडा कार्यालयको भवन नभएको ठाउँमा क्रमश वडा कार्यालयका भवनको निर्माण गराईनेछ।
- नयाँ नापी गराँई बाटोलाई लगत कट्टा गरी सार्वजनिक बनाईनेछ।

**ख) कृषि तथा पशुपालन सम्बन्धी नीति :**

- कृषि समुह तथा कृषि सहकारी तथा व्यवसायिक कृषि प्रणाली मार्फत कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ।
- स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप, विकासहरु र उपयुक्त कृषि प्रविधि मार्फत कृषिको व्यवसायीकरण र विविधीकरण, नमुना कार्यक्रम कार्यान्वयन गरी कृषि रोजगारीको सृजना गरिनेछ।
- कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरू तथा नीजि क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरूप एकीकृत कृषि कार्यक्रमहरू संचालन गरिनेछ।
- सडक र बजारमा कृषकहरुको पहुँचलाई सर्वशुलभ एव प्रभावकारी वनाउनकालागी गाउँपालिकाको उपयुक्त ठाउँमा कृषि/पशु हाटबजार तथा संकलन केन्द स्थापना गरी कृषि बजारलाई व्यवस्थित वनाउदै लगिनेछ।
- सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरूनिर्धारण गरी प्रत्येक वडाका प्रत्येक एक गाउँलाई प्राविधिक तालिम उपलब्ध गराई **एक गाउँ एक उत्पादन** कार्यक्रम अनुसार खाद्यान्न, तरकारी, दुग्ध, फलफूल, नगदेबाली, च्याउ, माछापालन र मौरीपालन जस्ता कृषि कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन तथा सामाग्रीमा अनुदान दिई एक घर एक रोजगार सृजना गर्ने जोड दिईनेछ।
- खेतीयोग्य जमिनको माटो परिक्षण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिनेछ।
- पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार, पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत जानकी गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी अण्डा,मासु तथा दुधका लागि आत्मनिर्भता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ साथै सुरक्षित एवं भरपर्दो पशुवधशाला र मासु पसल स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- छाडा पशु चौपायाहरुलाई नियन्त्रण र व्यवस्थापन गर्न गौशाला निर्माणमा पहल गरिनेछ।
- छाडा पशु लगायत घर पालुवा कृषकका पशु(गाई,गोरु) लाइं रु.१००००।-को प्रति पशुको विमा एवं ट्याङ गरि वडास्तरमा अध्यावधिक राख्ने।
- कृषकले अध्यावधिक गरेका पशुहरु खुल्ला छोडेमा रु.१०००।-सम्म जरिवाना गरिने छ। व्यवस्थित किसानको मुल्यांकन गरि वार्षिक रुपमा पुरस्कृत गरिनेछ।
- कृषिलाई आत्म निर्भर वनाउन रानी जमरा कुलरिया सिंचाई योजना तथा कर्णालीको नहर किनारमा वहुवर्षिय घाँस खेति गरि पर्यटकीय क्षेत्रको विकासमा विशेष जोड दिईने छ र निश्चित किसानहरुलाई स्यालो ट्युवेल कार्यक्रम लागु गर्न विशेष पहल गरिनेछ।
- सुपथ मुल्यमा समयमै उपलब्ध हुनेगरी मलखाद विउविजन विक्री वितरण गर्न प्रत्येक वडामा सहकारी मार्फत उपलब्ध गराउनका अतिरिक्त उन्नत जातका विउँ विजन समयमै उपलब्ध गराउने कार्यका लागि विउ विजन वैक स्थापना गर्ने नीति तय गरिनेछ।
- गाउँमा उत्पादन भएका वस्तुहरुलाई वजारमा बजारीकरण गर्ने।
- गाउँ गाउंमा आर्थिक विकासका लागि उत्पादनमुलक घरेलु कार्यक्रम लागु गर्ने।
- आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहि गरिने छ। पशुपंक्षी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमहरु अगाडी बढाईनेछ।
- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।
- कृषि उपजमा किटनासक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ।

**ग) शिक्षा तथा खेलकुद र संस्कृति सम्बन्धी नीति :**

- **"विद्यालय शान्ति क्षेत्र"** घोषणा गर्दै शिक्षालाई अनिवार्य र निःशुल्क वनाउन पहल गरिनेछ।
- जानकी गाउँपालिका अन्तरगतका सरकारी विद्यालयका स्तरउन्नतिमा जोड दिदै समग्र शैक्षिक गुणस्तर अभिवृद्धिको लागि वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको प्रभावकारीतालाई बढाई गाउ शिक्षा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि विद्यालयहरु गाभ्ने र दरबन्दी मिलान गर्ने नीति लिइनेछ।
- विद्यालय तहको अन्तिम परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा राम्रो विद्यालय, सबै भन्दा उच्च दरमा विद्यार्थीहरू उतीर्ण गराउन सफल विषयगत शिक्षकहरूलाई पुरस्कारको व्यवस्थाकालागि प्रोत्साहन कोषको व्यवस्था गरिनेछ।
- सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरूको पहुँच नभएका स्थानमा सोको स्थापना गरी त्यस्ता केन्द्रहरुलाई सक्षम, प्रभावकारी र कार्यमूलक बनाइनेछ।
- **साक्षर नेपाल** अभियानलाई पुरा गर्नका लागि पूर्ण साक्षर गाउँपालिकाका रूपमा स्थापित गर्न प्रयास गरिनेछ।
- गाउँस्तरिय खेल मैदान निर्माणको लागि उचित स्थानको पहिचान गरी निर्माण कार्यका लागि पहल गरिनेछ साथै गाउँ स्तरिय खेलकुद विकास समिति गठन गरी परिचालन गरिनेछ।
- सामुदायिक पुस्तकालयको स्थापनाका लागि पहल गरिनेछ।
- **प्राविधिक शिक्षा आजको आवश्यकता** भन्ने नारालाई मध्यनजर गर्दै मौजुडा मा.वि., नि.मा.वि.मा प्रविधिक शिक्षा संचालन गर्नका लागि प्रोत्साहन गर्ने।
- गाउँपालिका भित्र शिक्षा समिति र शिक्षा शाखा स्थापना गरी व्यवस्थित शिक्षा प्रणालीको विकास गरिनेछ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछ।
- सबैका लागि र सधैका लागि शिक्षा भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- कला र संस्कृतिको विकास र संरक्षण गरिनेछ।

Scanned by CamScanner

**घ) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति :**

- संविधानमा मौलिक हकको व्यवस्था भए बमोजिम गुणस्तरिय स्वास्थ्य सेवामा आम नागरिकको सरल र सहज पहुँच सुनिश्चित गरी प्रवाभकारी रुपमा उपलव्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलव्ध गराईनेछ र गुणस्तरिय तथा स्वास्थ्य बर्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र प्रत्येक वडावासीको पहुच पुग्ने गरी घुम्ती स्वास्थ्य शिविर मधुमेह, उच्च रक्तचाप, मृगौला, क्यान्सर, मुटु रोग, सिक्कल सेल, आङखस्ने समस्या जस्ता रोगहरुको निशुल्क स्वास्थ्य परिक्षण शिविर, एम्बुलेन्स सेवा, १५ शैयाको अस्पताल निमार्णको पहल गर्नुका अतिरिक्त उक्त सेवा सुविधालाइ सहज र सरल ढंगले पुऱ्याउनका लागि निजी तथा संस्था साझेदारी सहभागितालाई जोडदिईनेछ । साथै स्वास्थ्य सेवाको पहुँचबाट टाढा भएका वडामा स्वास्थ्य इकाई केन्द्र स्थापना तथा संचालनका लागि पहल गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र **स्वास्थ्य बीमा कार्यक्रमलाई** सुलभ र प्रभावकारी बनाई सर्बसाधारण जनतासम्म पुऱ्याई उक्त कार्यक्रमवाट अधिक लाभ लिनका लागि पहल गरिनेछ ।
- **"स्वस्थ शरिर स्वस्थ दिमाग"** भन्ने नारालाई ध्यानमा राखी २१ वर्ष मुनिका वालवालिकालाई धुम्रपान, मद्यपान तथा लागुपदार्थवाट टाढा राख्न जनचेतनामूलक शैक्षिक कार्यक्रम संञ्चालन गरिनेछ ।
- अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गर्न निश्चित ठाउँमा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ ।
- स्वास्थ्य संस्थामा प्रसुती सेवा क्षमता अभिवृद्धि गरी स्वास्थ्य संस्थाहरूको सामाजिक परिक्षण गराई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको विस्तार गरिनेछ ।
- आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति, जडिबुटी तथा वन औषधीको सम्भावना पहिचान गरी त्यस्ता जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- **स्वच्छ खानेपानी पिउन पाउने अधिकारको संरक्षण गर्दै** प्रत्येक वडामा ओभर हेड टंकी निमार्ण गरी आगामी ५ वर्षभित्र स्वच्छ खानेपानी वितरणकोलागि व्यवस्था गरिनेछ ।
- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रूपमा जम्मा गर्नु पर्ने नीति लिदैं खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।
- **एक घर एक शौचालयको अवधारणालाई** कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गरिनेछ ।
- जानकी गाउँपालिकालाई स्वच्छ गाउँपालिकाको रूपमा स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्ने नीति अनुसार सार्वजनिक स्थानमा फोहोर गरेमा दण्ड जरीवाना गर्ने र प्लाष्टिक विहिन गाउँपालिका निर्माण गर्न पहल गरिने छ ।
- कुहिने फोहोरलाई प्रयोग गरी गमला तरकारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैंचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- फोहर मैलाको अल्पकालिन तथा दिर्घकालिन व्यवस्थापनकालागि ३ R ( REDUCE, REUSE, RESYCLE ) को सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न समुदाय तथा विद्यालयमा आधारित अनुशिक्षण कार्यक्रम संञ्चालन गरिनेछ र LAND FILL SITE को सम्भाव्यता अध्ययनको कार्य अगाडि वढाईनेछ ।
- वजार क्षेत्र र सार्वजनिकस्थलमा क्रमश सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र मर्मत सम्भार तथा संञ्चालनको उचित व्यवस्था मिलाईनेछ ।

**ङ) सुशासन /सेवा प्रवाह सम्बन्धी नीति :**

- गाउँपालिकावाट उपलव्ध गराईने सार्वजनिक सेवाहरुको स्पष्ट हुनेगरी नागरिक वडापत्र , हेल्प डेक्स, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी तोकी दैनिक सेवा प्रवाहलाई सहज र सरल वनाईनेछ ।
- गाउँपालिकाको Website निमार्ण भैसकेको हुंदा गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक र अद्यावधिक गरी नागरिकको सूचनाको हक सुनिश्चित गर्ने र गाउँपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरु सूचना प्रविधिको माध्यमवाट प्रदान गरी सर्वसाधारण हरुको पहुँच सरल र सहज बनाउने ।
- निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुकालागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन, गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ ।
- गाउँपालिका अर्न्तरगत रहेका कर्मचारीहरुको कर्मचारी कल्याणकोष परिचालन कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनु का साथै **मानव शंसाधन विकास कोष, विपद व्यवस्थापन कोष, महिला वालवालिका संरक्षण कोष, वातावरण संरक्षण कोष** लगायत विशेष कोषहरु स्थापना गरी कार्यविधि वनाई क्रमशः कार्यान्वयनमा लगिनेछ ।
- गाउँपालिकावाट उपलव्ध गराईने सेवा सुविधा र प्रशासनिक कार्यलाई व्यवस्थित गर्नका लागि गाउँपालिकाको सगठन संरचना विकास र कार्यविवरण नीति (ODP/JDP) वनाई सोका आधारमा प्रशासनिक पुनरसंरचना गरिनेछ ।
- जेष्ठ नागरिक, दलित, विधवा महिला, एकल महिला, दलित वालवालिका, पूर्णअशक्त अपाङ्ग, आशिंक अशक्त अपाङ्ग र लोपोन्मुख आदिवासी जनजातीलाई प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भता वितरण कार्य वैकिङ प्रणाली मार्फत गरिनेछ र व्यक्तिगत घटना दर्ता कार्य Online System मा गरिनेछ ।
- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै सामाजिक परिक्षणलाई निरन्तरता साथ साथै योजना सूचना पाटीलाई व्यवस्थित गदै कामका आधारमा रकम भुक्तानी गरिने नीति लिइनेछ ।

Scanned by CamScanner

- राज्यको चौथो अंग पत्रकारिता मार्फत अनुगमन, सार्वजनिकरण तथा पारदर्शिता कायम गर्ने तथा विकासमा पत्रकारितालाई आवद्धता गर्दै F.M. तथा टेलिभिजन संञ्चालनमा आवश्यक सहयोग गरिनेछ ।
- गाउँपालिकाबाट संञ्चालित आयोजना तथा कार्यक्रमलाई छिटो छरितो एवं प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि प्रत्येक आ.व.को वैशाख मशान्त भित्र सम्पन्न गरी सो को भुक्तानि तथा फरफारक गर्नेगरी कार्य योजना तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्वल गरिने छ ।
- पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्बन गरिनेछ ।
- सवै पसलमा मुल्य सूचि राख्न अनिवार्य लगाउने तथा मुल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।
- गाउँपालिको कार्य सम्पादनलाई छिटो छरितो, पारदर्शी एवम् सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकिय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।
- गाउँपालिको संस्थागत क्षमता अभिवृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, उपभोक्ता समिति, सचारकर्मी, टोल विकास समितिलाई पुरष्कृत गर्ने र सेवा प्रवाहमा अनियमिता, ढिला सुस्ती अथवा आलटाल गर्नेलाई सजायको व्यवस्था गर्ने पद्दतीलाई अवलम्बन गर्ने ।
- गाउँपालिकालाई आवश्यक पर्ने मेशिनरी औजार, ढुवानीका साधन र सवारी साधन सार्वजनिक खरिद ऐन बमोजिम खरिद गर्ने ।

**च) वन, वातावरण तथा भूसंरक्षण सम्बन्धी नीति :**

- वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन बैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाउँपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरुमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वनको अवधारणा प्रोत्साहन गरिनेछ ।
- संकटापूर्ण अवस्थामा पुगेका वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र(Biodiversity hot Spot)को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजाने तथा चुरे संरक्षण गर्दै सरोकारवालाहरूको ध्यानाकर्षण गराइने छ ।
- कवुलियती वन तथा पशुविकास कार्यक्रम अन्तर्गत जग्गा विहिन, अति गरिव, महिला घरमूली भएका दलित तथा जनजातीलाई प्राथमिकता दिई समुह गठन गर्ने, वन हस्तान्तरण गर्ने र आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नका लागि जानकी गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरिने छ ।
- बाढी, पहिरो तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र ईंटा भट्टालाई प्रदुषण मुक्त बनाउन उद्योगहरुलाई प्रोत्साहित गरिनेछ ।
- सफा र हरियाली गाउँपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षा रोपण, बाँस रोपण, रुख तथा बाँसद्वारा तटबन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाउँमा वृक्षरोपण, तथा एक घर एक रुखको विरुवाको सुरुवात गरी गाउँ परिसरलाई सफा र हरियाली गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणिय प्रभाव मुल्याङ्कन र BIO Engineering को प्रविधि अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र हुने बाढी पहिरो, आगलागि, भूकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृति विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत दिर्घकालिन योजना बनाउन गाउँपालिकामा विपद व्यवस्थापन केन्द्र स्थापना गरिनेछ । विपद व्यवस्थापनका लागि अस्थाई Shelter को व्यवस्था गरिनेछ ।

**छ) महिला, बालबालिकातथा युवा सम्बन्धी नीति :**

- विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यन्वयनमा महिला सुनिश्चितता कायम गर्दे लैगिंक सशक्तिकरण तथा सामाजिक समावेसीकरण नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- लैगिंक हिसा, मानव वेचविखन, वालविवाह, वहु विवाह तथा छाउपडी प्रथा जस्ता सामाजिक अपराध जन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइनेछ ।
- बालमैत्री पूर्वधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्वयमा बालश्रम मुक्त गाउँपालिका बनाउने नीति लिइनेछ ।
- बालबालिकाहरूको पोषण, हेरचाह बालश्रम न्युनीकरण तथा असाहय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ ।
- युवाहरुलाई स्वदेशमा नै आय आर्जन र रोजगारीका अवसरहरु सिर्जना गर्न पहल गरिनेछ । वैदेशिक रोजगारी जाने युवाहरुका लागि सुरक्षित आप्रवासनकालागी आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- समान कामको लागि समान ज्यालाको नीतिलाई कडाईकासाथ लागु गरिनेछ ।
- विकास निर्माण कार्यमा उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता गराईनेछ ।
- बालबालिको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक र साहासीक कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन ऐन अनुरुप विविध कार्यक्रमहरु संचालन गरिनेछन् ।

Scanned by CamScanner

**ज) आदीबासी जनजाती, दलित, अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी नीति :**

- जानकी गाउँपालिका केन्द्रमा सबै जातजाति, भाषाभाषी, धर्मावलम्वी, कला संस्कृतीहरुको पहिचान झल्कने गरी संग्रहालय स्थापना गर्न पहल गरिनेछ ।
- जातीय छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै विभेद मुक्त जानकी गाउँपालिका निर्माण गर्ने नीति लिइनेछ ।
- गरिव, पिछडिएका वर्ग, द्वन्द्ध पिडित, मुक्त कमैया, सुकुमवासी, हलिया, अनाथ लगायत आदीबासी जनजाती, दलित र अपाङ्गता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित कार्यक्रमहरु संचालन गरी सामाजिक तथा आर्थिक उन्नतीको लागि पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माण कार्य अगाडि बढाइनेछ ।
- जेष्ठ नागरिकहरूका सम्मानपुर्ण र व्यवस्थितरुपमा गास वास र कपासको व्यवस्थाकालागि लागि वृद्धआश्रमलाई प्रवर्धन गर्दै गाउँपालिका क्षेत्रमा बृद्धवृद्धा आरोग्य केन्द स्थापना गर्ने नीति लिइने छ । र त्यस्तो उपयुक्त ठाउँको पहिचान गरी कार्य थालनी गरिनेछ ।
- यस क्षेत्रमा रहेका विभिन्न आदिवासी जनजातीहरुले मनाउदै आएका माघी, गौरा, होली, पुतला, भुवा, अटवारी आदी चाड पर्व, धर्म संस्कृती लगायत मठ मन्दिर, सत्संग भवन, चर्चको संरक्षण र संर्म्वधन मा जोड दिईनेछ ।

**झ) सामाजिक विकास सम्बन्धी नीति :**

- सामाजिक रुपान्तरण मार्फत गरिबी न्युनीकरणलाई सहयोग पुऱ्याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायको सेवा प्रवाह, शासन व्यवस्था र विकासात्मक लाभमा उनीहरूका पहुँच अभिवृद्धि गर्नका लागि संचालित सामाजिक परिचालन कार्यक्रमहरूलाई अझ शशक्त र प्रभावकारी बनाउन आश्यकता अनुसार वडा र गाउँ स्तरमा विभिन्न समितिहरू गठन गर्दै लगिने र घुम्ती कोषको स्थापना गर्ने नीति लिइनेछ ।
- जानकी गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरूको लगानीलाई एक द्वार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ । उक्त संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिवृद्धि गर्न गाउँपालिकाले विशेष संयन्त्र बनाई कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू गाउँपालिकाबाटै नियमन गरी चौमासिक समिक्षा गर्ने, नियमित अनुगमन, मुल्याइन र पृष्ठपोषण गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा चौमासिक बुलेटिन प्रकाशन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका गैर सरकारी सामाजिक संस्थाहरुको प्रोफाईल तयार गरिनेछ ।

**ञ) विद्युत/उर्जा सम्बन्धी नीति :**

- विद्युत लाइन विस्तार नभएका वडा ,वस्ती तथा टोलहरुमा विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ र विद्युत लाईन पुगेका स्थानमा गुणस्तरिय विद्युत सेवासञ्चालन गराउन प्रयास गरिनुका साथै लोड सेडिङ मुक्त गा.पा. घोषणा गर्न पहल गरिनेछ ।

**ट) पर्यटन विकास सम्बन्धी नीति :**

- जानकी गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धामिंक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- आन्तरिक र वाह्य पर्यतक भित्र्यान सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।
- आन्तरिक पर्यटनका लागि पार्कको निर्माण गर्न पहल गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरि होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ ।

**ठ) राजस्व तथा आर्थिक नीति :**

- साविकका करका दरहरु यथावत राखी करका दायरामा वृद्धी गरिनुका अतिरिक्त गाउँपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा साविकको आन्तरिक श्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- राजस्व परिचालनकालागि एकिकृत सम्पत्ति कर लागु गर्न सरोकारवाला सवै निकायहरु तथा संघ संस्थासगँ छलफल, समन्वय गरी उपयुक्त नीति वनाई एकिकृत सम्पत्तिकरलाई आगामी आ.व.देखि कार्यान्वयन ल्यउन पहल गरिने छ ।
- आन्तरिक राजस्व वृद्धीकालागि व्यवसायकरमा सार्वजनिक निजी साँझेदारीको अभ्यास अगाडी वढाईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संञ्चालनमारहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन विशष अभियान संञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
- व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधिक गरिदै लगिनेछ ।
- संवैधानिक व्यवस्था अनुसार **सरकारी, सहकारी र निजी गरी तिन खम्बे अर्थ नीति** कार्यान्वयन गर्दै समृद्ध जानकी गाउँपालिका निर्माणका लागि लगानी मैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।
- फोहरमैला व्यवस्थापन वापत प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई अभिलेख कर शुल्क लगाईनेछ ।
- टेलिफोन टावर, केवल लाईन, होडिङबोर्डमा कर लगाईनेछ ।
- गाउँपालिकाको विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

Scanned by CamScanner

**प्रस्तावहरु**

१) वडावाट आएका योजनाहरु सम्वन्धमा ।

२) गाउँसभाको प्रमुख अतिथि सम्वन्धमा ।

३) गाउँपालिकाको विनियोजन ऐन २०७४ सम्वन्धमा ।

४) गाउँपालिकाको आर्थिक ऐन २०७४ सम्वन्धमा ।

५) पदाधिकारीको पारिश्रमिक सम्वन्धमा ।

६) कर्मचारीको थप सुविधा सम्वन्धमा ।

७) अस्थायी र करार सेवामा कार्यरत कर्मचारी सम्वन्धमा ।

८) बैठक भत्ता सम्वन्धमा ।

९) न्यायिक समिति सदस्य गठन गर्ने सम्वन्धमा ।

१०) चालु र पुजिंगत बाँकी वजेट बाँडफाँड सम्वन्धमा ।

११) वजेट नीति तथा कार्यक्रम पारित सम्वन्धमा ।

१२) करारमा कार्यालय सहयोगी भर्ना सम्वन्धमा ।

१३) कर्मचारीलाई वढुवा गर्ने सम्वन्धमा ।

**निर्णयहरु**

(१)प्रस्ताव नम्वर १ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व.०७४।७५का लागि प्राथमिकिकरणका आधारमा रु.७० लाखको सिमा भित्र वडा समितिवाट पारित भई आएका योजनाहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(२)प्रस्ताव नम्वर २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको "प्रथम गाउँ सभा अधिवेशन" उद्घाटन कार्यक्रमको प्रमुख अतिथि संघिय मामिला तथा स्थानिय विकास राज्य मन्त्रि श्री जनक राज चौधरीलाई प्रमुख अतिथिका रुपमा आमन्त्रण गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

(३)प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिले पारित गरि आजको गाउँ कार्यपालिकाको बैठकमा पेश गरेको "गाउँपालिकाको विनियोजन ऐन २०७४" पारित गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

(४)प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिले पारित गरि आजको गाउँ कार्यपालिकाको बैठकमा पेश गरेको "गाउँपालिकाको आर्थिक ऐन २०७४" पारित गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

(५) प्रस्ताव नम्वर ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको निर्वाचित गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष तथा कार्यपालिका सदस्य, वडा सदस्य,

Scanned by CamScanner

ज्युहरुलाई मासिक पारिश्रमिक कैलाली जिल्ला स्थित रहेका अन्य स्थानिय तहले पारित गरेको नियमानुसार हुने गरि लागु गर्ने निर्णय सर्वसम्मत गरियो ।

(६) प्रस्ताव नम्वर ६ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाका कर्मचारीहरुलाई खाईपाई आएको तलवमा गाउँसभा सम्पन्न गर्नको लागि साँझ विहाना खटेर काम गरे वापत थप सुविधा तलव स्केलको १० दिनको तलव वरावरको भत्ता उपलब्ध गराउने र अन्य थप सुविधा सम्वन्धमा नियमित काममा साँझ विहाना र विदाका दिनमा पनि कर्मचारीले काममा खटिनु पर्ने भएकोले मासिक रुपमा तलव स्केलको १०% (दश प्रतिशत ) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

७) प्रस्ताव नम्वर ६ माथि छलफल गर्दा यस जानकी गाउँपालिकामा विगत वर्षहरुमा साविक गाविसमा र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुका सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) जानकी गाउँपालिकाको विगत वर्षहरुमा साविक गाविस र स्वास्थ्य संस्थाहरुवाट नियुक्ति गरिएका तपसिलका कर्मचारीहरुलाई २०७४ श्रावण १ गते देखि २०७५ अषाढ मसान्त सम्म करार निरन्तरता दिने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रेम वहादुर वुढा | खरिदार | जानकी गाउँपालिका | |
| २ | श्री पुर्ण वहादुर विष्ट | खरिदार | जानकी गाउँपालिका | |
| ३ | श्री भरत वहादुर थापा | स.कम्प्युटर अ. | जानकी गाउँपालिका | |
| ४ | श्री टंकु भण्डारी | अ.न.मी. | पथरैया स्वा.चौकी | |
| ५ | श्री किरण चौधरी | अ.न.मी. | मुनुवा स्वा.चौकी | |

(ख) यस जानकी गाउँपालिकाका विगत वर्षहरुमा साविक गाविसले ज्यालादारीमा काममा लगाएका तपसिल वमोजिमका कर्मचारीहरुलाई पारिश्रमिक थप सुविधा दिने गरि काम काजमा लगाउने निर्णय पारित गरियो ।

तपसिल :

(१) श्री मान वहादुर चौधरी जानकी-३, रु.३०००।-

(२)श्री फगुन्ना कठरिया चौकीदार जानकी-१, रु.३०००।-

(ग) जिल्ला समन्वय समितिवाट काजमा पठाएका अस्थायी लेखा तथा प्रशासन सहायक(सहायक स्तर पाँचौ तह) ना.सु.कर्मचारी श्री दुर्गा प्रसाद जोशीलाई मिति २०७४ साल श्रावण र भाद्र २ महिनाको तलव भत्ता भुक्तानी दिई मिति २०७४।०६।०१ गतेवाट जिल्ला समन्वय समिति कैलालीमा फिर्ता पठाउने निर्णय सर्वसम्मत गरियो ।

Scanned by CamScanner

(८) प्रस्ताव नम्वर ८ माथि छलफल गर्दा यस जानकी गाउँ कार्यपालिकाका सदस्यहरुलाई रु.१५००।- र वडा समितिका सदस्यहरुलाई रु.१०००।- बैठक भत्ता वाफत भुक्तानी दिने निर्णय गरियो ।

(९) प्रस्ताव नम्वर ९ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको न्यायिक समिति गठन देहाय वमोजिम गर्ने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १) उपाध्यक्ष | श्री उमा महतो | संयोजक |
| २) सदस्य | श्री भागरती चौधरी दमाई | सदस्य |
| ३) सदस्य | श्री मोती राम चौधरी | सदस्य |

१०) प्रस्ताव नम्वर १० माथि छलफल गर्दा वजेट तथा योजना कार्यक्रम तर्जुमा समितिवाट सिफारिश भई आए अनुसार चालु र पुजिंगत तर्फको वजेट शिर्षक वमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

११) प्रस्ताव नम्वर ११ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको प्रथम गाउँसभा अधिवेशनका लागि वजेट निती तथा कार्यक्रम पारित गर्ने निर्णय सर्वसम्मत गरियो ।

१२) प्रस्ताव नम्वर १२ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालय संचालनका लागि कार्यालय सहयोगी कर्मचारी करारमा भर्ना गरि कार्यालय सञ्चालन गर्ने निर्णय सर्वसम्मत गरियो ।

१३) प्रस्ताव नम्वर १३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत साविक गाविसहरुमा विगत वर्षहरुमा लामो समय सम्म कार्यरत स्थायी (सहायक स्तर तेस्रो तहका र श्रेणी विहिन) कर्मचारीहरुको वढुवा सम्वन्धमा ऐन नियममा व्यवस्था भई आए अनुसार प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्तावहरु**

१) वाल दिवसको उपलक्ष्यमा भएको खर्च भुक्तानी सम्वन्धमा ।

२) छाडा पशु चौपाया नियन्त्रण सम्वन्धमा ।

३) सवारी साधन खरिद सम्वन्धमा ।

४) आवश्यक औषधी खरिद सम्वन्धमा ।

## निर्णयहरु

(१) प्रस्ताव नम्वर १ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आयोजनामा मिति २०७४।०५।२९ गते वाल दिवसको उपलक्ष्यमा गाउँपालिका स्तरिय हाजिरी जवाफ प्रतियोगितामा खर्च भएको रु.१७०००।- अक्षेरुपी सत्र हजार सहयोग स्वरुप भुक्तानी दिने निर्णय पारित गरियो ।

(२) प्रस्ताव नम्वर २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकामा भएका छाडा पशु चौपाया नियन्त्रण तथा निशुल्क पशु विमा कार्यक्रम सहित संचालन गर्न पशु सेवा शाखा मुनुवालाई कार्यक्रय वनाई आगामी बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

(३)प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अर्न्तगत ९ वटै वडा कार्यालयमा वडा अध्यक्षज्युहरुलाई सवारी साधन (मोटर साईकल) खरिद गर्नका लागि आवश्यक खरिद प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

(४)प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीलाई आवश्यक पर्ने औषधी खरिद गर्न सशर्त अनुदानमा भएको रकममा नवढने गरि वढीमा रु.७ लाख सम्म मात्र औषधी खरिदका लागि आवश्यक प्रक्रिया अगाडी वढाउन स्वास्थ्य शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्तावहरु**

१) विज्ञापन सन्देशमुलक सुचना प्रसारण सम्वन्धमा ।

२) परिचय पत्र छपाई गर्ने  सम्वन्धमा ।

३) मर्मत सम्भारको रकम भुक्तानी सम्वन्धमा  ।

## निर्णयहरु

(१) प्रस्ताव नम्वर १ माथि छलफल गर्दा यस जानकी गाउँपालिकावाट आ.व.०७४।७५मा प्रसारण हुने कुनै पनि विज्ञापन सन्देशमुलक सहितको (शुभकामना) सुचना प्रसारण भएका रकमहरु भुक्तानी गर्दा तपसिल वमोजिम सन्देशमुलक(शुभकामना) सुचना प्रसारण वाफत  भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल :

(१) गाउँपालिकावाट रु.४०००।-

(२) वडा कार्यालयवाट रु. २०००।-

(२) प्रस्ताव नम्वर २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकामा  निर्वाचित भएका पदाधिकारीहरुको परिचय पत्र छपाई गरि अध्यक्षज्युवाट प्रमाणित गरि लागु गर्ने निर्णय गरियो ।

(३)प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अर्न्तगत तपसिलका वडाहरुमा मिति २०७४।०४।२८ गते आएको अविरल वर्षाले गर्दा क्षती पुरयाएको हुनाले मर्मत सम्भारको रकम भक्तानी गर्ने निर्णय गरियो ।

तपसिल :

(१) जानकी गाउँपालिका वडा नं.१ वेतहनी टोल वाटो माटो पटानी रु.२५०००।-

(२) जानकी गाउँपालिका वडा नं.५ अमौरी देखि व्यवस्थितनगर जाने वाटो मर्मत रु.८०००।-

Scanned by CamScanner

निर्णयहरुः

निर्याय नं. १ :

प्रस्तुत प्रस्ताव उपर दफावार छलफल गरि तपसील बमोजिमका ऐन तथा कार्यविधिहरु कार्यपालिका बाट स्वीकृत तथा लागु गर्ने निर्णय पारित गरियो । साथै अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय पारित गरियो ।

तपसील :

१. जानकी गाउँपालिकाको सहकारी ऐन २०७४ सम्बन्धमा
२. जानकी गाउँपालिकाको आचारसहिता सम्बन्धमा २०७४
३. एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि २०७४ सम्बन्धमा
४. पदाधिकारी सेवा शर्त सम्बन्धी कार्यविधि २०७४

**निर्णय नं. २:** यथाशीघ्र यस गाउँ पालिका अन्तर्गतका सबै वडा कार्यालय सञ्चालन तथा कार्यालय व्यवस्थापन गरि वडा स्तरको सेवा वडा कार्यालयबाट प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३:** फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन विनियोजित शिर्षकबाट कन्टेनर व्यवस्थापन गरि दुर्गौली बजार र कार्यालय र वडा कार्यालय परिषरमा व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४:** जानकी गाउँकार्यपालिकाको कार्यालय भवन निर्माण गर्न हाल कार्यालय रहेको सार्वजनिक जमिन (दश कट्ठा) भित्र डिजाईन, ईष्टिमेट, माटो परिक्षण गर्ने र जग्गाको नाप नक्साङ्न गरि जग्गा समेत घेरपर्खाल गर्ने निर्णय पारित गरियो । साथै उक्त परिसर भित्र रहेका शौचालय, पुरानो गाविस भवन र सामुदायिक भवन भत्काउने निर्णय पारित गरियो ।

**निर्णय नं. ५:** उपभोक्ता समितिलाई कार्यादेश दिएको मितिले ३० दिन भित्र कार्यारम्भ नगरेमा उक्त उपभोक्ता समिति सँग सम्झौता रद्ध गरि अन्य सार्वजनिक खरिद ऐन नियम अनुसार निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं ६:** मिति २०७४।०७।२२ गतेको जिल्ला समन्वय समितिको पत्र अनुसार जिल्ला समन्वय समितिबाट खटिएर आएका दुर्गा प्रसाद जोशीलाई यस आर्थिक वर्षका लागि कामकाजमा लगाउने र खाई पाई आएको तलब सुविधा सुविधा यस कार्यालयबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ७:**

Scanned by CamScanner

प्रस्ताव नँ २- सडक निर्माण सम्बन्धमा।

निर्णय नं. २- सडक कालोपत्रे तर्फ विनियोजित रकम मध्य ठेक्का पट्टा गरपछि बचेको रकम रु. १,६०२४६६८।५८ बराबरको भगतपुर चौराह देखि सुवर्णपुर ओर्जन सडक लाई ६०,२४६६८।५८ र चिलिम चौराह देखि रायपुर [illegible] ओर्जन सडकमा रु. १००००००।- को सडक कालोपत्रे (प्रिमिक्स) गर्ने निर्णय पारित गरियो।

प्रस्ताव नँ ३ बालबालीका तर्फको रकम बाडफाड सम्बन्धमा

निर्णय नं ३ यस गाउँपालिका को वार्षिक कार्यक्रम अन्तर्गत को बालबालीका कार्यक्रममा छुट्याइएको रकम मध्य बाट तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

१- गरिब विपन्न जेहेन्दार विद्यार्थी हरुलाई छात्रवृत्ती पोशाक झोला - ४५००००।-

२- लागु पदार्थ पार्ने प्रभाव सम्बन्धी कक्षा ८-१० हरुको विद्यार्थी लाई अभिमुखीकरण गर्ने काम ———— ४५००००।-

३- बाल मैत्री सम्बन्धी अभिमुखिकरण ———— १५००००।-

४- १-३ सम्मका संचालित विद्यालयका विद्यार्थीहरुलाई दिवाखाजा सहयोग कार्यक्रम ———— क्षमता अभिवृद्धि तालिम ४५००००।-

१५०००००।-

| | |
|---|---|
| आदिवासी जनजाती तर्फ | १,४००,०००.०० |
| दलित | ७००,०००.०० |
| जेष्ठ नागरिक | ७००,०००.०० |
| अपाङ्गता भएका व्यक्ति तर्फ | ५२५,०००.०० |
| अल्प संख्यक | १७५,०००.०० |
| | |
| **आदिवासी जनजाती तर्फ** | १,४००,०००.०० |
| लोक सेवा आयोग तयारी कक्षा सञ्चालन | ६००,०००.०० |
| भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी डकर्मी तालिम | ५००,०००.०० |
| सिलाइं कटाई सम्बन्धी तालीम | ३००,०००.०० |
| | **१,४००,०००.००** |
| **दलित तर्फ** | ७००,०००.०० |
| लोक सेवा आयोग तयारी कक्षा सञ्चालन | २५०,०००.०० |
| आधुनिक आरन सञ्चालनार्थ सहयोग | २००,०००.०० |
| दलित महिलाका लागि कडाई तालमि | २००,०००.०० |
| पञ्चे बाजा सहयोग | ५०,०००.०० |
| जम्मा | ७००,०००.०० |
| **जेष्ठ नागरिक** | ७००,०००.०० |
| आँखा शिविर सञ्चालनार्थ | ४००,०००.०० |
| सम्मान कार्यक्रम (दोसल्ला, छाता, टर्च लाईट, लट्ठी, चलनपार्स) | ३००,०००.०० |
| | ७००,०००.०० |
| **अपाङ्गता भएका व्यक्ति तर्फ** | ५२५,०००.०० |
| आय आर्जन सम्न्धी बंगुर पालन सम्न्धी तालीम र बंगुर वितरण | २७५,०००.०० |
| आय आर्जन सम्न्धी बाखा पालन सम्न्धी तालीम र बाखा वितरण | २५०,०००.०० |
| | ५२५,०००.०० |
| **अल्प संख्यक** | १७५,०००.०० |
| मदरसा स्कूल मा भेरपर्खाल निर्माण | १७५,०००.०० |

Scanned by CamScanner

प्रस्ताव नं. ५ - अवण्डा रकम बाँडफाँड सम्बन्धमा

निर्णय नं ५ अवण्डा रकम बाँडफाँड सम्बन्धी छलफल गर्दा तपसिल बमोजिम का योजना हरु मा बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो

| मिति २०७४ जेष्ठ २८ गते वसेको कार्यपालिको वैठक द्वारा विनियोजित रकम | |
|---|---|
| जनप्रतिनिधिहरुको पारिश्रमिक | ५,७५९,०००.०० |
| जातीय सग्राहलय अन्तर्गतको अधुरो पहाडी घर निर्माण | ९००,०००.०० |
| ह्युमपाईप राख्ने कार्यका लागि वडा न १ तर्फ (१८ वटा ह्युमपाईप) | १८०,०००.०० |
| ह्युमपाईप राख्ने कार्यका लागि वडा न ४ तर्फ (१८ वटा ह्युमपाईप) | १८०,०००.०० |
| ह्युमपाईप राख्ने कार्यका लागि वडा न ७ तर्फ (२० वटा ह्युमपाईप) | १८०,०००.०० |
| ह्युमपाईप राख्ने कार्यका लागि वडा न ३ तर्फ (२४ वटा ह्युमपाईप) | २४०,०००.०० |
| जानकी गाउँपालिका सभाहल निर्माणका जानकी गा.पा.१ | २,३५६,०००.०० |
| कञ्चनपुर, रामलखन कटरियाको घर नजिक कलभर्ट निर्माण वडा न. ४ | ५००,०००.०० |
| कञ्चनपुर मरेली कुलामा, कलभर्ट निर्माण वडा न. ४ | ५००,०००.०० |
| वृक्षारोपण कार्यका लागि | ५००,०००.०० |
| भृकुटी मावि सुवर्णपुरको अधुरो भवन निर्माण तर्फ वडा न. ३ मा | ३६०,०००.०० |
| वडा नं. १, २, ४, ५, ६, ७, ८ र ९ न. वडामा मा ३६०,०००।०० का दरले सडक ग्राभेल निर्माण प्राविधिकको लगतइंष्टिमेट अनुसार विभिन्न सडकहरुमा | २,८८०,०००.०० |
| | १४,५३५,०००.०० |
| बाँकी अवण्डा रकम | - |

प्रस्ताव नं ६ गुरुयोजनाको अन्तिम प्रतिवेदन सम्बन्धमा

निर्णय नं. ६ यातायात गुरुयोजना को अन्तिम प्रतिवेदन स्वीकृत गरि सोही अनुरुप को सडक मापदण्ड लागु गर्ने निर्णय पारित गरियो।

Scanned by CamScanner